# सुन्दरी सामुदायिक वनको कार्यालय

**पशुपति देवकोटा**

सु= सुकेका दाउरा, घाँस र पात, आवश्यक टार नि !
न = न्यायको साथ यौटै छ वात, जागर गरनि □

द= दया र मायाँ सुन्दरी तिम्लाई, हरियो बनिदेऊ !
री= ह्दय देखि प्रसंसा तिम्लाई, मागेको हाम्लाई लेऊ □

सा= शान्तिको लागि हरियो वन, अति नै सुन्दर !
मु= मुखमा पानी उकाली जानी, दुईखोला मुहान □

दा= दाइने तिर झरहि खोला, बाँयामा भागर !
यि= यी स्रोत देख्दा, आउदैछ हाम्रो दिलमा जागर □

क= कम्मर कसौ मिलेर बसौ, अमरापुरीमा !
व= वनलाई सजाउँ सबैले अब मनको धुरीमा □

न= नछाडौ बाटो हामीले अब वनलाई जागाउनी !
को= कोइली, मजुर, वाघ र भालु, ओराली झरनी □

का= काम र काज हिजो र आज फरक पर्देछ !
र्या= यहाँको वनमा अब त झन जवानी बढ्दैछ □

ल= लक्ष्ये हो हाम्रो जडी र बुटी, सजाऊ जङ्गल !
य= यतिका दिन दुःख नै गर्‍यौं, अब भो मङ्गल □

( देवकोटा सुन्दरी सा.व.उ.स.का कार्य समिति सदस्य हुनुहन्छ )